# जिल्ला निर्वाचन कार्यालय,प्यूठान
# DISTRICT ELECTION OFFICE, PYUTHAN

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय प्यूठान २०६१

प.स. ०७९।८०

च.न. ६५

मितिः २०७९।६।७

बिषयः नाम नामेशी सहितको विवरण प्रकाशन सम्वन्धमा।

श्री स्थानीय तह (सबै)
श्री जिल्ला प्रशासन कार्यालय
श्री जिल्ला प्रहरी कार्यालय
श्री मालपोत कार्यालय खलङ्गा
श्री मालपोत कार्यालय जस्पुर
श्री नापी कार्यालय खलङ्गा
श्री नापी कार्यालय जस्पुर
प्यूठान ।

प्रस्तुत विषयमा निर्वाचन आयोगको मिति २०७९।५।३१ को निर्णय बमोजिम स्थानीय तह निर्वाचन २०७९ का उम्मेदवारहरुले निर्वाचन आयोग ऐन, २०७३ को दफा २५, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा ४ र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तिस) दिन भित्र निर्वाचन खर्चको विवरण बुझाउनु पर्ने कानूनी ब्यवस्था रहेको र यसरी समयावधि भित्र खर्चको विवरण पेश नगरी जरिवानामा परेका उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयमा सबैले देख्ने गरी विवरण प्रकाशन गर्न निर्देश भए बमोजिम तहाँ कार्यालयमा संलग्न बमोजिमको नाम नामेशी सहितको विवरण प्रकाशन गरीं सोको मुचुल्का यस कार्यालयको इमेल ठेगाना ecpyuthan54@gmail.com पठाईदिनहुन र जरिवाना भएको रकम असुर उपर गराउनेतर्फ आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।

(देविराम पाठक)
जिल्ला निर्वाचन अधिकारी